# नेपाल छन्त्याल महिला संघ, केन्द्रीय समिति काठमाडौ

**भूमिका :**

नेपालको विभिन्न आदिवासी जनजातिहरू मध्ये छन्त्याल जाति एक हो । छन्त्याल जाति बाग्लुङ, म्याग्दी, रुकुम र गुल्मी जिल्लामा रहेको पाईन्छ । केन्द्रिय तथ्याङ्क विभाग २०५८ सालको तथ्याङ्क अनुसार छन्त्यालहरूको हालको जनसंख्या ९८१४ रहेकोछ, जस्मा महिला ५२६७ र पुरुष ४५४५ रहेकोछ । यस मध्ये छन्त्याल भाषा बोल्नेको जनसंख्या ५९१२ (महिला ३१७९ र पुरुष २७३३) रहेको पाईन्छ । यस जातिको आफ्नै जातिय पहिचान (भाषा,धर्म,संस्कृति,परम्परा,भेषभूषा आदि) रहेकोछ । अधिकांश छन्त्याल महिलाहरूले आफ्नो जातीय पहिचानलाई संरक्षण गर्दै आइरहेका छन् । छन्त्याल जातीको प्रमुख पेशा कृषी नै रहेको पाइन्छ । कृषी पेशालाई जीविकोपार्जनको रुपमा निरनतरता दिनमा छन्त्याल महिलाहरूको मुख्य भूमिका रहेको पाईन्छ । अधिकांश छन्त्याल पुरुष बैदशिक रोजगार तथा सेनामा रहेको कारणले गर्दा महिलाहरूले नै परिवारको रेखदेख तथा घरको मूख्य जिम्मेवारी बहन गरेको पाइन्छ ।

नेपाल छन्त्याल महिला संघ महिलाहरूको सामाजिक, साँस्कृतिक, आर्थिक र राजनीतिक हक र अधिकारलाई सम्बर्धन र प्रर्बधन गर्ने प्रतिबद्धताका साथ स्थापना भएको एक मुनाफा रहित स्वतन्त्र, गैर राजनितिक संस्था हो । नेपाल छन्त्याल महिला संघ २०६० सालमा स्थापना भइ २०६४ सालमा काठमाडौ जिल्ला प्रशासन कार्यलयमा दर्ता भएको छ र समाज कल्याण परिषदमा पनि आवद्ध भई सकेको छ । साथै राष्ट्रिय आदिवासी जनजाति महिला महासंघमा पनि आवद्ध भई संघिय सदस्यको रुपमा रहको छ ।

**संघको संरचना :**

छन्त्याल महिला संघको केन्द्रीय समितिको विधान अनुसार प्रत्येक वर्षमा बार्षिक साधारण सभा बस्नेछ । साथै विशेष साधारण सभा संस्थाको कूल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरूले कारण जनाई शिषेश साधारण सभा माग गरेमा विशेष साधारण सभा विधान अनुसार बस्न सक्नेछ । संघको साधारण सभाबाट निर्वाचित भएका पदाधिकारीहरूको कार्यकाल २ वर्षको हुनेछ । संघको अधिवेशन लोकतान्त्रिक निर्वाचन प्रकृयाबाट केन्द्रिय समितीको चयन गरिन्छ । संघको विधान अनुसार अध्यक्ष १ जना, उपाध्यक्ष १ जना, सचिव १ जना, कोषाध्यक्ष १ जना गरी जम्मा १३ जना सदस्यहरू रहने व्यवस्था छ ।

**छन्त्याल महिला संघको संघीय संरचना :**




**लक्ष्य :**

छन्त्याल महिलाहरूलाई जातीय पहिचान सहित राज्यको मूलधारमा स्थापित गराउने ।

**उद्देश्यहरू** :
१. सम्पूर्ण छन्त्याल महिलाहरूलाई एकताको सूत्रमा बांधी उनीहरूलाई सामाजिक सेवाप्रति आकर्षित गराउनुको साथै सामाजिक, साँस्कृतिक, अर्थिक, राजनैतिक, भाषिक तथा जातिय पहिचानको स्थापित गर्ने ।

२. महिला प्रति हुने लैगिकं भेदभावको अन्त गर्न सामूहिकरुपमा विविधखाले कार्यनीतिहरूको तर्जूम गरी समातमूलक समाजको निमार्ण गर्ने र छन्त्याल महिलाहरूलाई राज्य संयन्त्रको मूलप्रवाहमा समावेश गराउनको साथै अधिकारबारे सचेत गर्ने ।

४. छन्त्याल महिला संघलाई संगठित रुपमा अगाडी बढाउनका लागी संगठन विस्तार र विकास गर्ने ।

५. छन्त्याल महिलाहरूको दिगो जिवीकोपार्जनका लागी परम्परागत ज्ञान र सीपको विकास गरि आर्थिक रुपमा सक्षम बनाउने ।

**छन्त्याल महिला संघको मुख्य मुख्य कार्यक्रमहरू** :

१.छन्त्याल महिलाहरूलाई संविधान निर्माण र संघीय लोकतान्त्रिक गणतन्त्रको राज्यको संरचनामा स्थापित गर्नका लागी सचेतना जागरण गर्ने र राष्ट्रिय तथा स्थानिय तहमा बहस, पैरवी तथा पहल गर्ने ।

२.छन्त्याल महिलाहरूको जातीय पहिचानको संरक्षण, समबर्द्धन र विकास गर्ने साथै छन्त्याल महिलाहरूको क्षमता विकासका साथैं मातृभाषाको विकासमा सचेत गर्ने ।

३.संगठनको विस्तार र विकासका लागी विभिन्न जिल्लाहरूमा समितिहरू गठन र विस्तार गर्ने ।

४.छन्त्याल महिलाहरूको लागी दिगो जिवीकोपार्जनका परम्परागत ज्ञान र सीपको विकासका साथै स्थानीय स्रोत साधानमा पहुचको लागि कार्यक्रमहरू संचालन गर्ने ।

५.छन्त्याल महिलाहरूको हक र अधिकार स्थापित गर्नका लागी सचेतनामुलक कार्यक्रमहरू संचालन गर्ने ।

**कार्यक्रमको मुख्य उपलव्धिहरू** :
१. छन्त्याल महिलाहरू संघीय लोकतान्त्रिक गणतन्त्रको राज्यको संरचनामा स्थापित हुनेछन् ।

२.संगठनको विस्तार र विकास हुनेछन् ।

३.छन्त्याल महिलाहरू आर्थिक रुपमा सक्षम हुनुका साथै परम्परागत ज्ञान र सीपको विकासका हुनेछन् ।
४.छन्त्याल महिलाहरूको भाषा तथा संस्कृति जर्गेना हुनेछ ।

५.छन्त्याल महिलाहरूको हक रअधिकार स्थापित हुनेछ ।

६.छन्त्याल महिलाहरूको जातीय पहिचानलाई दस्तावेजिकरण हुनेछ ।

**ठेगाना** :
नेपाल छन्त्याल महिला विकास संघ, केन्द्रीय समिति
केन्द्रिय कार्यालय
मनमैजू , काठमाडौं
**फोन** : ०१४३५७१४५/०१४०२७०१३ (अफिस)
**ईमेल-** chhantyalassociation @yahoo.com